# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मितिः २०८२/१२/१०
ने.सं. ११४६ चौलाथ्व, ६ मंगलवार

## सीप विकास (CTEVT Level-1) तालिमका लागि आवेदन आह्वान !!!

**प्रथम पटक प्रकाशित मितिः २०८२ चैत्र १०**

मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए- नेपाल) द्वारा कार्यान्वयन भइरहेको विद्युत् प्रसारण आयोजनाको "विद्युत् प्रयोग अभिवृद्धिका लागि क्षमता विकास क्रियाकलाप" कार्यक्रम अन्तर्गत यस पालिकाका यस आयोजना बाट प्रभावित वडाहरू वडा नं. २ का बासिन्दालाई सञ्चालन हुने सीप विकास ( CTEVT Level-1) तालिममा सहभागी हुन इच्छुक एवं निम्नअनुसार योग्यता पुगेका व्यक्तिहरूबाट आवेदन आह्वान गरिएको छ । तालिम सञ्चालन हुने व्यवसाय / ट्रेड तथा अन्य विवरण आवेदन फारमसँग संलग्न गरिएको छ ।

**आवेदन विवरणः**

- आवेदन आह्वान गरिएको मितिः २०८२ साल चैत १० गते
- आवेदन बुझाउने अन्तिम मितिः २०८२ साल चैत २५ (कार्यालय समयभित्र)

**आवेदन फारम पाइने तथा बुझाउने स्थानः**

- २ नं वडा कार्यालय ।
- गाउँपालिका कार्यालय, प्रशासन शाखा ।
- फारम संलग्न QR Code मार्फत पनि डाउनलोड गर्न सकिने छ ।

**न्यूनतम योग्यताः**

- पालिकाको प्रभावित वडाका स्थायी वासिन्दा हुनुपर्ने ।
- उमेर १८ वर्ष पूरा भएको हुनुपर्ने।
- महिला, विपन्न परिवार, दलित तथा सिमान्तकृत समुदायलाई प्राथमिकता दिइने।

**आवश्यक कागजातहरूः**

दरखास्तसँग निम्नलिखित कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछः

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सबैभन्दा पछिल्लो शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

**तालिमसम्बन्धी जानकारीः**

- प्रत्येक प्रभावित वडाबाट बढीमा १२ जना प्रशिक्षार्थी (फारम र अन्तर्वार्ताको मुल्याङ्कनबाट) चयन गरिनेछन्।
- तालिम CTEVT को पाठ्यक्रम अनुसार ३९० घण्टाको निःशुल्क सञ्चालन गरिनेछ।

जगदीश प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

- तालिम सफलतापूर्वक सम्पन्न गर्ने सहभागीलाई प्रमाणपत्र प्रदान गरिनेछ।
- तालिम सम्पन्न गर्ने सहभागीलाई राष्ट्रिय सीप परीक्षण समिति (NSTB) द्वारा लिइने Level-1 को सीप परीक्षणमा सहभागी गराइनेछ।
- तालिमपश्चात रोजगारी वा स्वरोजगारीका लागि सहयोग एवं समन्वय गरिनेछ।

**थप जानकारीका लागि निम्न व्यक्तिहरुलाई सम्पर्क गर्न सकिनेछ**

- पालिका रोजगार तथा उद्यम शाखा (सावित्री ज्ञावाली सम्पर्क नं. ९८४९१२१७९३)
- परियोजनाको उद्यम विकास सहजकर्ता (सुवास लामिछाने सम्पर्क नं. ९८४९४६९५४६)
- तालिम सेवा प्रदायक (सिर्जना पौडेल सम्पर्क नं. ९८५११८३५०१)

(जगदिश प्रसाद जोशी)

प्रमुख प्रशासकीय अधिकृत